नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**

# प्रतिलिपि अधिकार बुलेटिन
Copyright Bulletin

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको बार्षिक प्रकाशन**

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

आषाढ २०७५ | **Volume 11, Issue 28** | **July 2018**

## यस भित्र

विश्व सङ्गीत दिवश ........................ १
विश्व बौद्विक सम्पति........................ २
प्रतिलिपि अधिकार तथा.................... ३
प्रतिलिपि अधिकार सम्वन्धी कानून..... ४
सिजना प्रकाशन ........................... ५
प्रतिलिपि अधिकार सम्बन्धी............... ७
Nepal receives accolades for .... १०

सम्पादक समूहः
प्रकाश आचार्य
सुष्मा पेखरेल

डिजाइन तथा कम्प्यूटरः
श्वेतकालि छापाखाना

www.nepalcopyright.gov.np

**Audio Notice Board**
1618014431155

यदि तपाईसँग बौद्विक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरू हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरूमा तपाईका प्रश्नहरूको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

## विश्व सङ्गीत दिवश, २०७५



२०७५ असार ७ गते २१ जुनलाई विश्व संगीत दिवसका रूपमा मनाउने क्रममा राजधानीमा सांगीतिक कार्यक्रम गरी मनाइयो । नेपाल सांगीतिक संघ, सांस्कृतिक संस्थान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले संयुक्त रूपमा आयोजना गरेको यस कार्यक्रमका प्रमुख अतिथि माननीय कार्यवाहक प्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेल हुनु हुन्थ्यो ।

नेपाल सांगीतिक संघका अध्यक्ष श्री मिलन मोक्तानको सभापतित्वमा संचालित कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रवन्धक श्री राजेश थापाले उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो । कार्यक्रमको सुरूवात नेपाल आर्मी ब्याण्डको उत्कृष्ट प्रस्तुतिबाट गरिएको थियो भने साथमा देशका ख्याति प्राप्त बिभिन्न कलाकारहरूले पनि आ-आफ्नो प्रस्तुति दिएका थिए । कार्यक्रममा कलाकारहरू यम बराल, प्राश्ना शाक्य, जुना प्रसाई, टिका प्रसाई, बिमल श्रेष्ठ, अजित घिसिङ, गायत्री त्रिपाठी, नम्रता लामा, मिना कार्की, प्रस्तोता समाजबाट नरहरि प्रेमी, लोक तथा दोहोरी गीत प्रतिष्ठानबाट सिर्जु अधिकारी, गीतकार संघको तर्फबाट भिमसेन लामाले प्रस्तुती दिएका थिए । बिभिन्न संघ संस्थाहरू जस्तै साधना कला केन्द्रबाट बिभिन्न लोक तथा आधुनिक नृत्यहरू, थारू संघबाट प्रसिद्ध थारू नाच, राष्ट्रिय नाचघरबाट शास्त्रीय गायन, बादन तथा सांस्कृतिक नृत्यहरू समेत प्रस्तुत भएका थिए ।

प्रत्येक बर्ष झैं यस बर्ष पनि नेपाली सांगीतिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए वापत उहांहरूको योगदानको

बाँकी पृष्ठ ५ मा

# विश्व बौद्धिक सम्पत्ति दिवस २०१८

हरेक वर्ष अप्रिल २६ तारिखका दिन मनाईदै आइएको विश्व बौद्धिक सम्पत्ति दिवस यस कार्यालयले नेपाल सरकार, उद्योग विभाग र बौद्धिक सम्पत्ति संरक्षण समाजसंगको संयुक्त आयोजनामा २०७५।१।१३ गतेका दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभागमा कार्यरत राष्ट्रसेवकहरु, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कर्मचारीहरू, बौद्धिक सम्पत्तिसंग सम्बद्ध विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, संगीत सम्बद्ध संघ संस्थाका प्रमुख प्रतिनिधिहरू एवं कानुन व्यवसायी लगायत पत्रकारहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अध्यक्षता उद्योग विभागका महानिर्देशक श्री शंकर अर्याल, कार्यक्रममा प्रमुख अतिथि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री यामकुमारी खतिवडा रहनु भएको थियो । कार्यक्रममा विशिष्ठ अतिथि पूर्व मन्त्री, सचिव तथा वरिष्ठ गीतकार श्री शंकरप्रसाद कोइराला हुनुहुन्थ्यो । कार्यक्रममा बौद्धिक सम्पत्ति संरक्षण समाजका अध्यक्ष तथा पूर्व सचिव श्री कृष्ण ज्ञवाली, निवर्तमान अध्यक्ष तथा पूर्व सचिव श्री भरत बहादुर थापा लगायतका व्यक्तित्वहरूको समुपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन उद्योग विभागका शाखा अधिकृत श्री अन्जु पोखरेलले गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य र महत्वका सम्वन्धमा बौद्धिक सम्पत्ति संरक्षण समाजका अध्यक्ष तथा पूर्व सचिव श्री कृष्ण ज्ञवालीले मन्तव्य राख्नु भएको थियो ।



हरेक वर्ष विश्वभर मनाईदै आएको विश्व बौद्धिक सम्पत्ति दिवस नेपालमा पनि विशेष कार्यक्रम आयोजना गरी मनाउने सन्दर्भमा विश्वमा बौद्धिक सम्पत्ति संरक्षणको अवस्था, नेपालको स्थिति तथा चुनौतीवारे छलफल अन्तर्क्रिया गर्ने र बौद्धिक सम्पत्तिसंग सम्बन्धित अन्वेषण तथा आविष्कारमा महिलाको अवस्था वारेमा कार्यपत्र प्रस्तुती, छलफल समेत गर्ने कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा Powering Change: Women in Innovation and Creativity विषयमा डा. प्रतिभा पाण्डे, प्रतिलिपि अधिकार र सम्वन्धी अधिकार: नेपालको सन्दर्भ विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देल र अन्तर्राष्टिय बौद्धिक सम्पत्ति प्रणाली र नेपाल विषयमा श्री मधुसुधन पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

विश्व बौद्धिक सम्पत्ती दिवश कार्यक्रम निर्धारित समयमा सुरू भएको थियो । कार्यक्रममा आसन ग्रहण, राष्ट्रिय गान, सहभागीहरूको परिचय पश्चात् बौद्धिक सम्पत्ति संरक्षण समाजका अध्यक्ष कृष्ण ज्ञवालीले स्वागत मन्तव्य दिनु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री यामकुमारी खतिवडाले कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो ।

कार्यक्रममा तीनवटा कार्यपत्र प्रस्तुत गरिएको र सो कार्यपत्रहरु सम्बन्धमा टप्पणीकर्ताहरूबाट टिप्पणी सहित आफ्नो भनाई राख्नुभएको थियो । कार्यक्रममा अतिथिहरूबाट मन्तव्य, सहभागीहरूबाट राय प्रतिक्रिया व्यक्त भएका र उठेका जिज्ञासाको सम्बन्धमा कार्यपत्र प्रस्तोताहरूबाट स्पष्ट पार्दै जवाफ दिईएको थियो ।

क्रमको समुद्घाटन पश्चात् पहिलो सत्रमा यस वर्षको वौद्धिक सम्पत्ति दिवसको नारा Powering Change: Women in Innovation and Creativity विषयमा डा. प्रतिभा पाण्डे, प्रतिलिपि अधिकार र सम्वन्धि अधिकार: नेपालको सन्दर्भ विषयमा राजेन्द्र सिग्देलबाट कार्यपत्र प्रस्तुत भएको, ती कार्यपत्रहरूमाथि टिप्पणी

बाँकी पृष्ठ ११ मा

# प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस २०७५

हरेक वर्ष अप्रिल २३ तारिखका दिन मनाईंदै आइएको अन्तर्राष्ट्रिय पुस्तक तथा प्रतिलिपि अधिकार दिवस यस कार्यालयले नेपालका पुस्तक विक्रेता तथा प्रकाशकहरूको संस्था नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघ तथा नेपाल प्रज्ञा प्रतिष्ठानसंगको संयुक्त आयोजनामा मनाइएको थियो । यही बैशाख १० गतेका दिन उक्त दिवस मनाउन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीको सभा कक्षमा साहित्यकर्मीहरू, अध्यापनसंग सम्वद्ध व्यक्तित्वहरू, पुस्तक प्रकाशक तथा विक्रेताहरू, आयोजक संस्थाका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघका अध्यक्ष श्री पदमप्रसाद सिवाकोटी र कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री गंगाप्रसाद उप्रेती रहनु भएको थियो । कार्यक्रममा विशिष्ठ अतिथि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदी, अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा. डा. जिवेन्द्र देव गिरी हुनुहुन्थ्यो । कार्यक्रमको सञ्चालन नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघका महासचिव श्री लिखतप्रसाद पाण्डेले गर्नु भएको थियो । कार्यक्रममा नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघका निवर्तमन अध्यक्ष बसन्त थापा, सल्लाहकार गोविन्द प्रसाद श्रेष्ठ एवं कार्यक्रमका प्रमुख वक्ता तथा कार्यपत्र प्रस्तोता प्रा. मुरारी प्रसाद रेग्मी समेत विशिष्ठ व्यक्तित्वहरू अतिथिका रूपमा उपस्थित हुनु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य सहित कार्यक्रमका उद्देश्य सम्बन्धमा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा. डा. जिवेन्द्र देव गिरीले प्रकाश पार्नु भएको थियो । हरेक वर्ष विश्वभर मनाईंदै आएको अन्तर्राष्ट्रिय पुस्तक तथा प्रतिलिपि अधिकार दिवस नेपालमा पनि विशेष कार्यक्रम आयोजना गरी मनाउने सन्दर्भमा पुस्तक प्रकाशकहरूले डिजिटल वातावरणमा पुस्तकको प्रकाशन र विक्रि वितरणका क्षेत्रमा सामना गर्नु परेको चुनौतीवारे छलफल अन्तर्क्रिया गर्ने र पुस्तकको महत्व एवं यसको प्रतिलिपि अधिकारसंगको सम्बन्धका वारेमा कार्यपत्र प्रस्तुती तथा छलफल समेत गर्ने कार्यक्रमको उद्देश्य रहेको थियो । कार्यक्रममा साहित्यमा मनोविज्ञान विषयमा प्रा. मुरारी प्रसाद रेग्मीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । पुस्तकको महत्व, प्रतिलिपि अधिकार संरक्षण तथा डिजिटल बातावरणमा यसका चुनौती एवं भावी कार्यदीशा विषयमा अर्को कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले प्रस्तुत गर्नु भएको थियो ।

सोही कार्यक्रममा नेपालबाट गत वर्ष सन् २०१७ मा प्रकाशित पुस्तक मध्ये सर्वोत्कृष्ट छानिएको वर्ष पुस्तक कृष्ण गौतमबाट लिखित रानीवनलाई पुरस्कार प्रदान गरिएको थियो । दिवश कार्यक्रम निर्धारित समयमा सुरु भएको थियो । कार्यक्रममा आसन ग्रहण, राष्ट्रिय गान, सहभागीहरूको परिचय पश्चात् स्वागत मन्तव्य नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा. डा. जिवेन्द्र देव गिरीले राख्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री गंगाप्रसाद उप्रेतीले कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो । कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत भएका थिए । वर्ष पुस्तक २०१७ का लेखक कृष्ण गौतमलाई पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा सहभागीहरूबाट विभिन्न रायरप्रतिक्रिया व्यक्त भएका थिए भने सहभागिका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोताहरूबाट दिइएको थियो ।

अन्तर्राष्ट्रिय पुस्तक तथा प्रतिलिपि अधिकार दिवस कार्यक्रमबाट वौद्धिक सम्पत्ति अन्तर्गत पर्ने प्रतिलिपि अधिकार संरक्षण र पुस्तक प्रकाशन वीचको सम्बन्ध, सूचना प्रविधिको युगमा पुस्तकको भौतिक र डिजिटल स्वरूपमा हुने कारोवार, साहित्य सिर्जनामा मनोविज्ञानको प्रभाव, पुस्तक सम्बन्धी प्रतिलिपि अधिकार, यसको अवधारणा, ऐतिहासिक पृष्ठभूमी, अन्तर ष्ट्रिय कानून, सन्धिहरू, नेपालमा यस सम्बन्धी भएको कानूनी, संस्थागत र व्यवस्थापकिय व्यवस्था लगायत विविध पक्षका बारेमा जानकारी पुग्ने अपेक्षा गरिएको हो । कार्यक्रममा यस क्षेत्रका श्रष्टा, सर्जक तथा लेखकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

❑

# प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु बिषयक जनचेतनामूलक अन्तरक्रिया गोष्ठी सम्पन्नः

## (क) सिन्धुली

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७४ असोज ३० गतेका दिन सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमा प्रतिलिपि अधिकार ऐन, कार्यान्वयनको अवस्था



र समस्या समाधान विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूसंग अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रम सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालको प्रमुख आतिथ्य, सिन्धुलीका प्रहरी उपरीक्षक श्री टिकाबहादुर के.सी र सिन्धुली जिल्लाका जिल्ला न्यायाधिवक्ता कृष्णप्रसाद बरालको आतिथ्यमा सञ्चालन गरिएको थियो ।

कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देलले, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिकाका विषयमा साहायक प्रमुख जिल्ला अधिकारी श्री नूरहरी खतिवडाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । पेश भएका कार्यपत्रका सम्बन्धमा जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद बरालले टिप्पणी गर्नु भएको थियो ।

छलफलमा सञ्चारकर्मी द्वारिका कफ्ले, अधिवक्ता विश्वम्भर लामिछाने, रेडियो सिन्धुका कृष्णहरि घिमिरे लगायतका व्यक्तिहरूले आआफ्ना धारणा राखेका थिए । कार्यक्रमको अन्त्यमा सिन्धुलीका प्रहरी उपरीक्षक श्री टिकाबहादुर के.सी तथा कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालले मन्तव्य राख्नु भएको थियो ।



ऐतिहासिक सिन्धुलीगढी रहेको पुरातात्विक नगरीको रूपमा परिचित सिन्धुलीमा सञ्चालन गरिएको उक्त कार्यक्रम प्रतिलिपि अधिकारका विषयमा कानुनी प्रावधान र सिर्जनाको संरक्षण र महत्वका वारेमा कार्यक्रममा उपस्थित व्यक्तिहरूलाई जानकारी दिन सफल भएको अनुभूती गरियो । आगामी वर्षहरूमा परम्परागत साँस्कृतिक अभिव्यक्ति विषय समेत समावेश गरेर ठूलो उपस्थितिमा यसप्रकारको कार्यक्रम सञ्चालन गरिएमा अझ वढि विषयवस्तु र व्यक्तिहरूमा पुग्न सकिने देखिएको छ ।

## (ख) कलैया, बारा

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७४ पुष १७ गतेका दिन बारा जिल्लाको कलैयामा प्रतिलिपि अधिकार ऐन, कार्यान्वयनको अवस्था र समस्या समाधान विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूसंग अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरेको थियो । बारा जिल्ला अदालतका मुख्य न्यायाधीश श्री प्रकाश दाहालको प्रमुख आतिथ्य, बाराका प्रमुख जिल्ला अधिकारी श्री विजयनारायण मानन्धरको विशेष आतिथ्य, प्रहरी उपरीक्षक श्री राजकुमार बैधवारको आतिथ्यमा

बाँकी पृष्ठ ६ मा



विना सम्झौता नगरौ प्रतिलिपि अधिकारको हस्तान्तरण ।

# सिर्जना, प्रकाशन र प्रतिलिपि अधिकार संरक्षण, अवसर तथा चुनौती सम्बन्धी अन्तरक्रिया कार्यक्रम:

लेखन तथा सिर्जनाको प्रकाशन विषयमा प्रतिलिपि अधिकार संरक्षण र विशेष गरेर विद्यूतीय वातावरणमा भई रहेका सिर्जनात्मक उद्योगका कार्यहरू वारेमा यसका चुनौती तथा अवसर सम्बन्धमा छलफल गर्नु जरूरी देखिएको छ । यसै सन्दर्भमा यस कार्यालय र नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघको संयुक्त आयोजनामा २०७५ जेठ २५ गतेका दिन कमलादी, काठमाडौंमा उक्त विषयमा एक दिवसीय अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा साहित्यकर्मीहरू, अध्यापनसंग सम्वद्ध व्यक्तित्वहरू, पुस्तक प्रकाशक तथा विक्रेताहरू, आयोजक संस्थाका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघका अध्यक्ष श्री पदमप्रसाद सिवाकोटी, कार्यक्रममा प्रमुख अतिथि त्रिभूवन विश्व विद्यालयका शिक्षाध्यक्ष प्रा. डा.सुधा त्रिपाठी रहनु भएको थियो । कार्यक्रममा अन्य विशिष्ठ अतिथिज्यूहरू पनि हुनुहुन्थ्यो । कार्यक्रमको सञ्चालन नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघका महासचिव श्री लिखतप्रसाद पाण्डेले गर्नु भएको थियो । कार्यक्रममा नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघका निवर्तमन अध्यक्ष बसन्त थापा अतिथिका रूपमा उपस्थित हुनु भएको थियो । कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

पुस्तक प्रकाशन तथा प्रतिलिपि अधिकार संरक्षण विषयमा विशेष कार्यक्रम आयोजना गरी पुस्तक दिवस मनाउने आवश्यकता महसुस गरी पुस्तक प्रकाशकहरूले डिजिटल वातावरणमा पुस्तकको प्रकाशन र विक्रि वितरणका क्षेत्रमा सामना गर्नु परेको चुनौतीवारे छलफल अन्तर्क्रिया गर्ने र पुस्तकको महत्व एवं यसको प्रतिलिपि अधिकार सम्बन्धमा कार्यपत्र प्रस्तुती, छलफल समेत गने कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा साहित्य सिर्जना र यसका विविध पक्षहरू विषयमा मदन पुरस्कारबाट विभूषित साहित्यकार श्री अमर न्यौपाने, प्रतिलिपि अधिकार संरक्षण तथा यसका चुनौती एवं भावी कार्यदिशा विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देल र डिजिटल प्रविधिमा प्रकाशन तथा विक्रि वितरण विषयमा कम्प्यूटर विज्ञ श्री हेमपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

❑

विश्व सङ्गीत दिवश ..........

उच्च मूल्यांकन गर्दै कदर स्वरूप माननीय कार्यवाहक प्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलबाट बिभिन्न व्यक्तित्वहरूलाई सम्मान प्रदान गरियो ।

श्रष्टा, सर्जक, कलाकारहरूको रोयल्टी व्यवस्थापन सम्बन्धी कार्यमा उल्लेखनीय योगदान पुऱ्याए वापत माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी, यस कार्यालयका पूर्व रजिष्ट्रार राजेन्द्र सिग्देल र गीतकार तथा पत्रकार श्री लोकराज अधिकारीलाई विशेष सम्मानद्वारा सम्मानित गरिएको थियो ।

कार्यक्रममा मन्तव्य प्रस्तुत गर्ने क्रममा नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उप-कुलपति श्री शम्भुजित बासकोटाले संगीत सम्बन्धी र रजिष्ट्रार प्रकाश आचार्यले प्रतिलिपि अधिकार तथा रोयल्टी सम्बन्धी विषयमा मन्तव्य राख्नु भएको थियो । संगित दिवसमा आयोजित यस कार्यक्रमले नेपाली गीत, संगीतको महत्व बढाउने तथा नेपालीहरूलाई एकताबद्ध गर्ने, स्रष्टाहरूको अधिकारको लागि योगदान पुग्ने, प्रतिलिपि अधिकार सम्बन्धी जानकारी मिल्ने, नेपाली गीत संगीतको विकास, संरक्षण, सम्बर्द्धन हुने भएकोले यस कार्यक्रमलाई नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको कुरा साधना कला केन्द्रका निर्देशक तथा कार्यक्रम संयोजक आशा गौतमले बताउनु भएको थियो ।

❑

प्रतिलिपि अधिकार सम्वन्धी कानून .........

सञ्चालित सो कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देलले, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिकाका विषयमा प्रहरी नायव उपरिक्षक श्री भुबेश्वर प्रसाद साहले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम माथि साहित्यकार श्री छविरमण सुवेदीले टिप्पणी गर्नु भएको थियो ।

बारा जिल्लाको कलैयामा सञ्चालन गरिएको उक्त कार्यक्रम प्रतिलिपि अधिकारका विषयमा कानुनी प्रावधान र सिर्जनाको संरक्षण र महत्वका वारेमा कार्यक्रममा उपस्थित विविध क्षेत्रका प्रतिनिधि व्यक्तिहरूलाई जानकारी दिन सफल भएको अनुभूती गरियो । आगामी वर्षहरूमा थप विषय समेत समावेश गरेर ठूलो उपस्थितिमा यसप्रकारको कार्यक्रम सञ्चालन गरिएमा अझ वढि विषयवस्तु र व्यक्तिहरूमा पुग्न सकिने देखिएको छ ।

## (ग) ताप्लेजुङ्ग

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७५ जेठ २ गतेका दिन ताप्लेजुङ्ग जिल्लाको सदरमुकाममा प्रतिलिपि अधिकार ऐन, कार्यान्वयनको अवस्था र समस्या समाधान विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरुसंग अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरेको थियो । ताप्लेजुङ्ग जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री कृपासुर कार्कीकोको प्रमुख आतिथ्य, ताप्लेजुङ्गका निमित्त प्रमुख जिल्ला अधिकारीको विशेष आतिथ्य, प्रहरी नायव उपरीक्षक श्री ज्ञानेन्द्र बहादुर बस्नेत समेतको आतिथ्यमा सम्पन्न सो कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देलले, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिका एवं प्रतिलिपि अधिकार हनन विरूद्ध पर्ने उजुरी अनुसन्धानका विषयमा प्रहरी नायव उपरीक्षक श्री ज्ञानेन्द्र बहादुर बस्नेतले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम माथि श्री डिल्लीरमण बरालले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा माननीय न्यायाधीश श्री कृपासुर कार्कीज्यूले प्रतिलिपि अधिकार सम्बन्धमा बोल्नुहुंदै सम्पत्ति सिर्जना हुँदै गयो र राज्यले संरक्षण गर्न कानून बनाउँदै आएको हो भन्नुभयो । पुर्वीय संस्कृतिले सम्पत्ति भन्नाले चल अचललाई मात्र ध्यान दियो भने पाश्चात्य वा पश्चिमा संस्कृतिले बौद्धिक सम्पत्तिलाई पनि ध्यान दियो । सम्पत्तिको स्वरूपमा अगाडि पछाडि को भन्ने कुरा यसैले स्पष्ट बनायो । हाम्रो संस्कार त अझ भन्ने हो भने कर्म गर फलको आस नगर भन्ने हो जुन बौद्धिक सम्पत्तिको सन्दर्भमा अहिले उपयुक्त नदेखिन सक्दछ हाम्रो बेदको संरक्षण गर्न हामी सकेनौं, अविछिन्न हुने नैतिक अधिकार स्थापित गर्न सकेका छैनौं । हामीले गर्ने प्रत्येक सिर्जनाको मूल्य छ, त्यसलाई संरक्षण गर्न सक्छौं । रचना दर्ता स्वैच्छिक छ, हामीले जे कुरा बोकेका छौं, त्यसको पछाडि बौद्धिक सम्पत्ति छ । हाम्रा मुलुकका कानुनले डिजाइन गर्ने सम्पत्तिलाई संरक्षण गर्न र आर्थिक उपार्जनको स्रोत बनाउन इन्कार गरेको पाइएको छ । इन्टिग्रेटेड सर्किट, जेनेटिक रिसोर्सेज, परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक प्रस्तुती र लोक वार्ता एवम् भौगोलिक परिचय (Geographical Indication) आदिलाई कसरी एक्स्पोज र संरक्षण गर्ने विषय अहिलेका सवाल हुन् भन्नु भयो ।

सामान्यतया प्रतिलिपि अधिकार पाउनका लागि तीनवटा कुरा आवश्यक पर्दछ । ती हुन, मौलिक सिर्जना, अभिव्यक्त भएको हुनु पर्‍यो, कसैको नक्कल गरिएको हुनु भएन र अवधारणा मात्र हुनु भएन, भौतिक अथवा विद्युतीय ढाँचामा तयार हुनु पर्‍यो । रचना दर्ता गर्दा भेरिफिकेसन हुनुपर्‍यो, जो जसले जे ल्यायो यसैलाई दर्ता गरि दिनु भएन । दर्ता गरेको भनेको प्रतिलिपि अधिकार रहेको सिर्जना हो भन्ने आधिकारिक प्रमाण हो । नैतिक अधिकार हस्तान्तरण हुँदैन, हाम्रो ऐनले हस्तान्तरणीय हुनुपर्दछ भन्ने केही संकेत गरेको छ भन्नु हुंदै जनचेतना अभिवृद्धि बढी भन्दा बढी सरोकारवालाहरू समेटेर ब्यापक रूपमा हुनुपर्‍यो भन्नुभयो । संगीतको क्षेत्रमा बौद्धिक चोरी प्रतिलिपि अधिकार हननका हिसावले धेरै ठुलो अपराध हुने क्षेत्र भएको कुरा उल्लेख गर्नुभयो ।

किरांत समुदायको बसोवास बाहुल्य रहेको, पाथिभरा मन्दिर, कञ्चनजंघा हिमाल रहेको जिल्ला र मौलिक संस्कृतिको संगम, तथा नेपालको सुदूर पूर्वको जिल्ला भनि परिचित यस ताप्लेजुङ्ग जिल्लामा सञ्चालन गरिएको कार्यक्रमले प्रतिलिपि अधिकारका विषयमा कानुनी प्रावधान तथा सिर्जनाको संरक्षण र महत्वका वारेमा कार्यक्रममा उपस्थित व्यक्तिहरूलाई जानकारी दिन सफल भएको अनुभूती गरियो । आगामी वर्षहरूमा परम्परागत साँस्कृतिक अभिव्यक्ति विषय समेत समावेश गरेर ठूलो उपस्थितिमा यसप्रकारको कार्यक्रम सञ्चालन गरिएमा अझ वढि विषयवस्तु र व्यक्तिहरूमा पुग्न सकि

बाँकी पृष्ठ ९ म

# प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु बिषयक जनचेतनामूलक तालिम सम्पन्न:

## (क) गोरखा

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७४ पुष २६ गतेका दिन गोर्खा जिल्लाको सदरमुकाममा प्रतिलिपि अधिकार ऐन, कार्यान्वयनको अवस्था र समस्या समाधान विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूलाई तालिम कार्यक्रम आयोजना गरेको थियो । गोर्खा जिल्ला अदालतका माननीय न्यायाधीश श्री बसन्तराज पौडेलको प्रमुख आतिथ्य, गोर्खाका प्रमुख जिल्ला अधिकारी श्री जितेन्द्र बस्नेतको विशेष आतिथ्य, प्रहरी नायव उपरीक्षक श्री भोषराज रिजाल तथा अन्य विभिन्न संस्थाका प्रमुखहरूको आतिथ्यमा कार्यक्रम सञ्चालन गरिएको थियो ।




कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देलले, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिकाका विषयमा पहरी नायव उपरीक्षक श्री भेषराज रिजालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम माथि अधिवक्ता श्री स्थानेश्वर दवाडीले टिप्पणी गर्नु भएको थियो । गोर्खा जिल्लाको सदरमुकाम गोरखा वजारमा सञ्चालन गरिएको उक्त तालिम कार्यक्रम प्रतिलिपि अधिकारका विषयमा कानुनी प्रावधान र सिर्जनाको संरक्षण र महत्वका वारेमा कार्यक्रममा उपस्थित विविध क्षेत्रका प्रतिनिधि व्यक्तिहरूलाई जानकारी दिन सफल भएको अनुभूती गरियो । आगामी वर्षहरूमा थप विषय समेत समावेश गरेर ठूलो उपस्थितिमा यसप्रकारको कार्यक्रम सञ्चालन गरिएमा अझ वढि विषयवस्तु र व्यक्तिहरूमा पुग्न सकिने देखिएको छ ।

## (ख) रूपन्देही

प्रतिलिपि अधिकार तथा सम्वधि अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरूः जिल्ला प्रहरी कार्यालय रूपन्देही, जिल्ला न्यायाधिवक्ताको कार्यालय, रूपन्देही भैरहवा, रूपन्देही जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय रूपन्देहीका अधिकृत तथा कर्मचारीहरू, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख / प्रतिनिधिहरू सहितका व्यक्तिहरूलाई

बाँकी पृष्ठ ८ मा



प्रतिलिपि अधिकार सम्वन्धी कानून .........

प्रतिलिपि अधिकार र सम्वन्धि अधिकारका सम्बन्धमा कानूनी प्रावधान, कार्यान्वयनमा आइपरेका समस्याहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदानप्रदान गर्ने उद्देश्यले एक दिने तालीम कार्यक्रमको आयोजना गरिदै आएको थियो । यसै सन्दर्भमा २०७४ चैत्र २१ गतेका दिन भैरहवास्थित रोयल लुम्बिनी कटेजको सभा कक्षमा प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायका कर्मचारीहरू, साहित्य र संगीत क्षेत्रका व्यक्तित्वहरू, पत्रकार सहित सहभागी रहेको तालीम कार्यक्रम आयोजना गरियो । कार्यक्रममा आमन्त्रण गरिएका सहभागीहरू, अतिथिहरू र प्रमुख अतिथिको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले गर्नु भएको, प्रमुख अतिथि रूपन्देही जिल्ला अदालतका मुख्य न्यायाधीश श्री नरिशवर भण्डारीले कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्री श्याम ज्ञवाली, सहायक प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी, जिल्ला न्यायाधिवक्ता श्री कोशहरि निरौला, लगायत अतिथिका रूपमा उपस्थित हुनु भएको थियो ।

प्रतिलिपि अधिकार तथा सम्वधि अधिकारका सम्बन्धमा यसको ऐतिहासिक पृष्ठभूमी, विद्यमान कानूनी अवस्था, रोयल्टी सम्बन्धी संस्थाको कानूनी प्रावधान, गठन र यसका कार्यहरू एवम् प्रतिलिपि अधिकार हनन सम्बन्धमा पर्ने उजुरीमा अनुसन्धान, अभियोजनमा आईपर्ने समस्या समेतका विषयमा सम्बद्ध पक्षहरूवीच कानूनी प्रावधान, जनचेतनाको स्तर र अनुसन्धान विषयमा जानकारी गराउने कार्यक्रमको उद्देश्य रहेको थियो । कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण तथा यसका चुनौती एवं भावी कार्यदीशा विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुत कार्यक्रममा सहभागी भएका व्यक्तिहरू, प्रतिनिधित्व गरेका निकायहरू/संस्थाहरू, तालीमको विषय एवं प्रस्तुत गरिएका कार्यपत्रहरू र तिनका उपर भएको छलफलको हिसावले अत्यन्त प्रभावकारी भएको पाइयो । प्रतिलिपि अधिकार संरक्षणका लागि कानूनको कार्यान्वयनमा मुख्य भुमिका निर्वाह गर्ने क्षेत्रीयस्तर र जिल्लास्तरका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको र प्रतिलिपि अधिकार सम्बन्धी साहित्यकार, सर्जक, संगीतकार, प्रस्तोता एवं आमसञ्चार माध्यमका प्रमुख / प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

## (ग) सुर्खेत

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७५ असार १४ गतेका दिन सुर्खेत जिल्लाको सदरमुकाममा प्रतिलिपि अधिकार ऐन, कार्यान्वयनको अवस्था र समस्या समाधान विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूसंग अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरेको थियो । सुर्खेत जिल्ला अदालतका जिल्ला न्यायाधीशको प्रमुख आतिथ्य, सुर्खेतका प्रमुख जिल्ला अधिकारी श्री सिताराम कार्कीको विशेष आतिथ्य, प्रहरी नायव उपरीक्षक समेतको आतिथ्यमा सञ्चालित सो कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार प्रकाश आचार्य, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिका एवं प्रतिलिपि अधिकार हनन विरूद्ध पर्ने उजुरी अनुसन्धानका विषयमा प्रहरी निरीक्षक श्री ज्ञानेन्द्र श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम माथि साहित्यकार श्री गणेश गौतमले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा साहित्यकार गणेश गौतमले ६ नम्वर प्रदेशको राजधानीमा प्रतिलिपि अधिकार सम्वन्धी कार्यक्रम सञ्चालन गर्नुभएकोमा आयोजकलाई धन्यवाद ज्ञापन गर्नुभयो भने प्रमुख जिल्ला अधिकारी श्री सिताराम कार्कीले प्रतिलिपि अधिकार अत्यन्त महत्वपूर्ण विषय हो, ६ नं प्रदेशमा यो कार्यक्रम हुनु प्रदेशका श्रष्टा सर्जकलाई प्रतिलिपि अधिकारका वारेमा जानकारीका लागि महत्वपुर्ण हुन जाने अपेक्षा गरेको छु । वौद्धिक चोरिको विषय गम्भिर फौजदारी अपराधको विषय भएको हुदा यस्ता विषयमा सवै गम्भिर हुनुपर्दछ भन्नुभयो । त्यसैगरी माननीय न्यायाधीश श्री ध्रुवकुमार शाहले सम्पत्ति सिर्जना हुँदै गयो र राज्यले संरक्षण गर्न कानून बनाउँदै आएको हो । वौद्धिक सम्पत्तिको सिर्जनाकारलाई संरक्षण गरी थप सिर्जनालाई प्रोत्साहन गर्नु राज्यको कर्तव्य हो । अदालतले पनि प्राथमिकताका साथ यस्ता विषयका मुद्दालाई हेर्ने छ भन्नुभयो ।

प्रतिलिपि अधिकार ऐन कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्र विषयक चेतनामुलक कार्यक्रम सुर्खेत

बाँकी पृष्ठ ९ मा

प्रतिलिपि अधिकार सम्वन्धी कानून .........

देखिएको छ ।

### (घ) धनगढी

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७५ असार २४ गतेका दिन कैलाली जिल्लाको सदरमुकाम धनगढीमा प्रतिलिपि अधिकार सम्वन्धी कानून कार्यान्वयनको



अवस्था र सुधारका क्षेत्रहरू विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूसंग अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरेको थियो । कैलाली जिल्ला अदालतका मा. जिल्ला न्यायाधीश श्री विष्णु अर्यालको प्रमुख आतिथ्य, कैलालीका नि. प्रमुख जिल्ला अधिकारी श्री जनक भट्टको विशेष आतिथ्य, प्रहरी नायव उपरीक्षक श्री हरि वहादुर वली समेतको आतिथ्यमा संचालन भएको थियो ।

कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार प्रकाश आचार्य, प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिका एवं प्रतिलिपि अधिकार हनन विरूद्ध पर्ने उजुरी अनुसन्धानका विषयमा प्रहरी नायव उपरिक्षक श्री हरि वहादुर वलीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रस्तुत भएका कार्यपत्र मथि जिल्ला न्यायाधिवक्त श्री प्रकाश भण्डारी र साहित्यकार श्री पदमराज पाण्डेले टिप्पणी गर्नु भएको थियो । कार्यक्रमको अन्तमा साहित्यकार पदमराज पाण्डेले ७ नम्वर प्रदेशको राजधानी धनगढीमा प्रतिलिपि अधिकार सम्वन्धी कार्यक्रम सञ्चालन गर्नुभएकोमा आयोजकलाई धन्यवाद दिनुभयो भने नि. प्रमुख जिल्ला अधिकारी श्री जनक राज भट्टले यस्तो महत्वपूर्ण विषयमा धनगढीमा कार्यक्रम हुनु राम्रो हो । प्रतिलिपि अधिकार अत्यन्त महत्वपूर्ण विषय हो । वौद्धिक चोरिको विषय पछिल्लो समयमा वढ्दै गएको हुदा सो रोक्न सरोकारवाला गम्भिर हुनुपर्ने देखिएको छ भन्नुभयो । साथै माननीय न्यायाधीश श्री विष्णु अर्यालले वौद्धिक सम्पत्तिको उत्पति र विकास सगै श्रष्टा सर्जकलाई यसको महत्व र यसले राष्ट्रिय अर्थतन्त्रमा पार्नसक्ने प्रभावको वारेमा आफ्नो भनाई राख्नुभयो । प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्र विषयक यस चेतनामुलक गोष्ठिवाट श्रष्टा सर्जक, पत्रकार लगायत सरोकारवाला व्यक्ति तथा संस्था लावान्वित भएको देखियो । श्रष्टा सर्जक तथा सर्वसाधारण जनता समेत प्रतिलिपि अधिकारको सम्वन्धमा सचेत रहेको र कानूनलाई समसामयिक वनाउन संशोधन गर्दै प्रतिलिपि अधिकार रजिष्टारको अधिकार वढाई अर्ध न्यायिक निकाय वनाउनुपर्ने विचार गोष्ठिमा उठेको थियो । ❑

प्रतिलिपि अधिकार सम्वन्धी कानून .........

र खासगरी ६ नं प्रदेशका श्रष्टा सर्जकको सक्रिय सहभागितामा सम्पन्न भयो । उक्त कार्यक्रमवाट प्रतिलिपि अधिकार सम्वन्धी कानुनी प्रावधान र सिर्जनाको संरक्षण र महत्वका वारेमा कार्यक्रममा उपस्थित व्यक्तिहरूलाई जानकारी दिन सफल भएको अनुभूती गरियो । नेपालको मौलिक सस्कृति, लोक गाथा तथा श्रष्टा सर्जकको अधिकारलाई संरक्षण र सम्वद्धन गर्न यस्ता कार्यक्रमहरू प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

### नयां रजिष्ट्रार नियुक्त

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७५।२।२५ को निर्णयानुसार नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको रजिष्ट्रारमा प्रकाश आचार्य नियुक्त भई यस कार्यालयमा मिति २०७५।३।४ देखि हाजिर हुनु भएको छ । श्री आचार्य यस अघि शान्ती तथा पुनर्निर्माण मन्त्रालयमा कार्यरत हुनुहुन्थ्यो । ❑

# Nepal receives accolades for its Joint Licensing Model in Music!

By Narayan Kadariya

CEO, Performers' Society of Nepal



The joint music licensing system Nepalese Collective Management Societies have introduced was highly appreciated by several countries amid the first Asian level training programme on "management of copyright and related rights 4-14th of June 2018.

The training program for Asian delegates was organized by NORCODE (Norwegian Copyright Development Association) with the support of IFPI (International Federation of Phonographic Industry), CISAC (International Confederation of Authors and Composers) and IFRRO (International Federation of Reproductive Rights Organizations).

Delegates from India, China, Pakistan, Myanmar, the Philippines, Indonesia, Thailand and Vietnam participated in the 10 days workshop conducted by copyright expert Ms. Tarja Koskinen-Olsson of Finland. Reputed trainers from England, Thailand and other countries also joined to share their learning and equip the attendees with valuable skills to excel in the copyright industry. All the delegates and trainers from global industry organization listed above were impressed with the strides taken by the Copyright Societies in Nepal precisely the collective music licensing model which could be replicated in other parts of the world.

Speaking on the occasion, Ms. Inger Dirdal, NORCODE said, "It has been very exciting to follow the development in the copyright field here in Nepal over the last years and to see the tremendous achievements that have been made by the Nepalese right holders. The participants have been inspired to learn about Nepalese achievements."

The chief trainer Ms. Tarja commented "The choice of Kathmandu as the venue of the first training was perfect. The newly adopted joint licensing model for music in Nepal showed a good example and which was highly appreciated."

KT Ang, the Regional Director of IFPI, wholeheartedly supported the positive development in Nepal, he said "There have been tremendous positive developments in Nepal since my last visit. The voluntary joint licensing model agreed to by all parties will result in good collections being achieved by the collective management organisations, especially with the support of the government, IFPI looks forward to working with the government and Nepalese music industry organisations to grow the music market in this country."

Mr. Pierre-Olivier Lesburguères of IFRRO expressed his delight on the synergy between government to the CMOs and expressed hope that a reprographic CMO will soon be established in Nepal. He said, "I was very impressed by the efficiency, dynamics and professionalism

विश्व बौद्धिक सम्पत्ति दिवस २०१८ .........

अधिवक्ता श्री अन्जु उप्रेती ढकालले गर्नु भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता उद्योग विभागका महानिर्देशक श्री शंकर अर्यालले गर्नु भएको थियो । दोश्रो सत्रमा अन्तर्राष्टिय बौद्धिक सम्पत्ति प्रणाली र नेपाल विषयमा श्री मधुसुधन पौडेलबाट कार्यपत्र प्रस्तुत भएकोमा, कार्यपत्रमाथि टिप्पणी नेपाल विज्ञान प्रविधि प्रतिष्ठानका बैज्ञानिक डा. चिरञ्जिवी रेग्मीले गर्नु भएको थियो । यस सत्रको अध्यक्षता श्री कृष्ण ज्ञवालीले गर्नु भएको थियो । यस कार्यक्रमबाट बौद्धिक सम्पत्तिको अवधारणा, ऐतिहासिक पृष्ठभूमी, अन्तर ाष्ट्रिय कानून, सन्धिहरू, नेपालमा यस विषयमा भएको कानूनी, संस्थागत र व्यवस्थापन सम्बन्धी व्यवस्था लगायत विविध पक्षका बारेमा जानकारी पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रममा यस क्षेत्रमा संलग्न विशिष्ट व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो ।

प्रस्तुत कार्यक्रममा सहभागी भएका व्यक्तिहरू, प्रतिनिधित्व गरेका निकायहरू/संस्थाहरू, कार्यक्रमको विषय एवं प्रस्तुत गरिएका कार्यपत्रहरू र तिनका उपर भएको छलफलको हिसावले अत्यन्त प्रभावकारी भएको पाइयो । बौद्धिक सम्पत्तिको महत्व, सिर्जना तथा आविष्कारमा महिलाको सहभागिता स्थिति र विश्वको अद्यावधि अवस्थावारे गहनतम प्रस्तुती र छलफल भएको थियो । सो कार्यक्रममा प्राप्त राय प्रतिक्रिया, अनुभव आदानप्रदान आदि समेत लाई ध्यानमा राखी उठेका विषय सम्बोधन गर्दै आगामी दिनमा यस क्षेत्रका प्रबुद्ध वर्गको सहभागितामा छलफल तथा अन्तरक्रिया गरी Intellectual Property सम्बन्धी विषयवस्तु थप परिस्कृत गर्दै लैजानु उपयुक्त हुने देखिन्छ ।

❑

of the collective management organisations in Nepal. Their contribution to Nepal's culture is essential, and I am very excited by the prospect of a collective management organisation for text and image authors and publishers to be soon set up. Benefits from the experience of their music colleagues will be crucial to the success of this project, as well as support from government, and IFRRO will be there at every step to help and assist and we will soon be back to celebrate the creation of this new society for Nepalese writers, journalists, visual authors and publishers!"

Mr. Rajat Kakar, the CEO of PPL (sound recording CMO in India) said, "It is a pleasure to see the cooperative nature of copyright management in Nepal and is a role model for other South Asian countries. We are longing to collaborate with the Nepalese CMOs to monetise the rights of both our numbers in the two countries which share a very special cultural bond".

The seminar concluded with a special cultural programme which was attended by government officials and the celebrities, including authors / composers and performers.

❑

सम्पादकीय.................

तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी भएका निर्देशनहरू र रोयल्टीलाई कानूनी रूपमा बाध्यकारी बनाउन भएका छलफल र दृष्टिबिहिन, दृष्टिक्षमता न्यून भएका र छापा सामाग्री पढ्न नसक्नेका लागि प्रतिलिपि अधिकारमा विशेष व्यवस्था गर्न अन्तराष्ट्रिय सन्धि माराकेश ट्रिटि २०१३ को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा मन्त्रिपरिषद् बाट स्वीकृत भई श्री व्यवस्थापिका संसदमा प्रस्ताव पेश भएको छ । आगामी दिनहरूमा स्रष्टा सर्जक, कलाकारहरू एवं प्रतिलिपि अधिकार तथा सम्बन्धी अधिकार धनीहरूलाई मनासिव माफिकको रोयल्टी उपलब्ध गराउन सकिने आशाको किरण देखा परेको छ ।

प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारका क्षेत्रमा आर्थिक वर्षभरी भए गरेका कार्यहरूको टिपोट गरी यस विषयका विज्ञ, सरोकारवालाहरू एवं आम जनसमुदायमा जानकारी दिन यस बुलेटिन तयार गरिएको छ । बुलेटिन तयारीका क्रममा खटिने यस कार्यलयका सहकर्मी लगायत सामग्री दिई सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसमा भएका कमी कमजोरी एवं केही छुटेका विषय औल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गरिने छ । प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा आम सरोकारवालाहरूको ध्यान आकर्षण गर्न यस प्रकाशन सफल हुने विश्वास लिएको छु ।

धन्यवाद ।

## २०७४ असाढ मसान्त सम्मको रचना दर्ता




## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारणका सिर्जनामा सिर्जनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा सिर्जनाको प्रयोगमा देहाय बमोजिम सतर्कता अपनाउनु हुन अनुरोध छ ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुँदैन ।
- चलचित्रको पूरै वा आंशिक अंश चलचित्र उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुँदैन ।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
- पुस्तक, लेख वा अन्य रचनाको पूरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपि गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
- प्रसारण संस्था आफैले तयार गरी प्रसारण गरेको सामग्री अरूले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन ।

यस्ता कार्यहरू अनुमति बिना गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र सिर्जनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ ।

## सम्पादकीय

मानवबाट मौलिक तथा बौद्धिक रूपले सिर्जित रचना, ध्वनिअङ्कन, प्रस्तुति र प्रशारण आदिको कानूनद्धारा स्रष्टालाई प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । समाजको सामाजिक, सांस्कृतिक र आर्थिक विकासका लागि अत्यन्तै महत्वपूर्ण प्रतिलिपि अधिकारको महत्वलाई बुझी त्यसको संरक्षण तथा विकास गर्न जरूरी छ । नेपालमा २०२२ सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई परिमार्जन गरी २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ र २०६१ सालमा प्रतिलिपि अधिकार नियमावली जारी भएको छ । यस सन्दर्भमा नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य, विश्व व्यापार संगठनको सदस्य र वर्न अभिसन्धिको पक्ष राष्ट्र समेत भईसकेको छ ।

प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस्कृति र आर्थिक क्षेत्रमा टेवा पुर्‍याउंछ । सिर्जनात्मक उद्योगको विकासबाट कूल ग्राहस्थ उत्पापदनमा समेत योगदान दिन्छ । यस प्रकाशनको अध्ययनबाट प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा कलाकार, उत्पादक तथा आम जिज्ञासुलाई चालु आर्थिक वर्ष २०७४।७५ यस कार्यालयबाट सम्पन्न भएका प्रवर्द्धनात्मक कार्यहरू, प्रतिलिपि अधिकार सम्बन्धी राष्ट्रिय दिवसहरू, कानून कार्यान्वयन गर्नका लागि जारी भएका निर्देशिका तथा जानकारीमूलक पुस्तिका लगायतको बारेमा जानकारी प्राप्त हुनेछ ।

यस आ.व. मा स्रष्टा कलाकारहरूको लागि कृतिर सिर्जनाको सार्वजनिक प्रयोग वापतको रोयल्टी संकलन गर्ने कानूनी व्यवस्थालाई कार्यरूप दिन सरोकारवालासंग छलफल गरियो । रोयल्टी सम्बन्धीं मापदण्ड निर्धारण र वितरण कार्यमा निर्देशन तथा अनुगमन गर्न गठित रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक र अन्तरक्रियामा यस विषयमा छलफल हुनु सकारात्मक पक्ष हो । यसैगरी रोयल्टी संकलनका संभावित क्षेत्रहरू पहिचान गरी तीनवटै रोयल्टी सम्बन्धी संस्थाहरूको संयुक्त रोयल्टी मापदण्ड तयार गर्न गठित कार्यदलको कार्य, प्रधानमन्त्री

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ : सगुन प्रिन्टिङ प्रेस, टेकु ।